# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

मिति: २०७७/११/१२

जमुन प्रसाद घेडको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राम बहादुर लामा समेत भएको ठगी मुद्दाका प्रतिवादी जिल्ला नुवाकोट साविक ककनी गा.वि.स.वडा नं.०३ हाल ऐ.ककनी गाउँपालिका वडा नं.०३ स्थायी वतन भई हाल जिल्ला काठमाडौं का.म.न.पा.वडा नं.१६ बालाजु बस्ने काली प्रसाद लामाको नाती राम बहादुर लामाका उपर सम्पत्ति शुद्धीकरणको कसुरमा यस विभागमा मिति २०७३।०१।१५ मा दर्ता हुन आएको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ एवं अनुसन्धान हुँदा प्रतिवादी रामबहादुर लामाले यातायात व्यवसायको आवरणमा आफ्नो श्रीमती कान्छि लामा समेतलाई प्रयोग गरी ठगीको कसूर अपराध गरी विभिन्न अवधिमा सम्पत्ति आर्जन गरी कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी कानूनको बर्खिलाप गरी सम्पत्ति शुद्धीकरणको कसूर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिँदा यी प्रतिवादी रामबहादुर लामालाई बिगो रू. ७,१२,८१,७२७।६७ (सात करोड बाह्र लाख एकासी हजार सात सय सत्ताईस रुपैयाँ सतसट्ठी पैसा) कायम गरी तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को (१)(क), ऐ. ऐनको पहिलो संशोधन, २०६८ को दफा ३०(२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३०(१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्यताअनुसार कैद सजाय हुनुका साथै कसुरबाट प्राप्त गरी शुद्धीकरण गरेको पुष्टि हुन आएको विभिन्न चल अचल सम्पत्ति जफत हुन र प्रतिवादी कान्छी लामा समेतले जानाजान आफ्ना पतिले कसुरबाट प्राप्त गरेको तथा कसुरजन्य रकम हो भन्ने जानी जानी गैरकानूनी रुपमा रकम आर्जन गर्ने र सम्पत्ति शुद्धीकरण गर्ने दुषित मनसायले शुरुवाती चरणमा गैरकानूनी कार्यमा संलग्न भई आफ्ना पति एवं प्रतिवादी राम बहादुर लामाले गैरकानूनी आर्जनको माध्यमबाट प्राप्त रकम तथा आयको स्रोत लुकाउने लगायतका कानूनत: निषेधित कार्यमा यी प्रतिवादीको प्रत्यक्ष र परोक्ष रुपमा संलग्नता रहेको तथ्य पुष्टी हुन आएकाले निजलाई रु.६९,५०,५००।– (अक्षरेपी उनन्सत्तरी लाख पचास हजार पाँच सय मात्र) बीगो कायम गरी तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को (१)(क), ऐ. ऐनको (पहिलो संशोधन, २०६८) को दफा ३०(२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३०(१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसूरको गाम्भिर्यता हेरी दुई वर्ष देखि दश वर्ष सम्म कैद सजाय हुन र शुद्धीकरण गरी आफ्ना नाउँमा राखेको चल अचल सम्पत्ति समेत जफत हुन मागदावी लिई प्रतिवादीहरु रामबहादुर लामा र निजकी श्रीमती कान्छी लामा समेत जना-२ का विरुद्ध आज विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।

सूचना अधिकारी